## बनेपा नगरपालिका

### नगर कार्यपालिकाको कार्यालयको

# बिक्री तथा सडक स्तरोन्नती शुल्क उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७।३।२५)

का.प.जि. बनेपा नगरपालिका वडा नं. १४ (साविक नासिकास्थान साँगा गा.वि.स.वडा नं. ८) अन्तर्गतको आशापुरी रोडा ढुङ्गा सप्लायर्स प्रा.लि. को स्वीकृत खानी क्षेत्रबाट उत्पादन हुने खानीजन्य पदार्थको संकलन शुल्क तथा उक्त खानीबाट खानी जन्य पदार्थ ढुवानी गर्ने सवारी साधनमा सडक स्तरोन्नती शुल्क लगाई आर्थिक वर्ष २०७७।०७८ अवधि भरको लागि असुल उपर गर्नुपर्ने भएकोले योग्य इच्छुक दर्तावाल कम्पनी वा फर्मले देहायका शर्तहरुका अधिनमा रही शिलबन्दी बोलपत्र दर्तागर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

-:शर्तहरु:-

१. बोलपत्र फारम बनेपा नगरपालिकाको राजस्व शाखाबाट रु. ३,०००। (पछि फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले तीसौं दिन कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र एकतीसौं दिन दिनको २:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ । साथै दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:१५ बजे यस कार्यालयमा खोलिने छ ।

३. बोलपत्र प्रस्तुतकर्ताले संस्था दर्ता तथा नविकरणको प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र २०७५।०७६ सम्मको कर चुक्ता प्रमाण पत्र पेश गरेको हुनुपर्ने छ ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमश: सो को भोलिपल्ट हुनेछ ।

५. बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन ।

६. बोलपत्रदाताले आफुले कबोल गरेको वार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ ।

७. बोलपत्र दाताले आफुले कबोल गरेको कुल रकमले हुन आउने रकमको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि. बनेपा शाखामा रहेको धरौटी हिसाब नं.०१५०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा बोलपत्र साथ संलग्न गरेको हुनुपर्ने छ ।

८ स्वीकृत बोलपत्रदाता ठेकेदारले कुल कबोल अंक संझौता गर्नुपूर्व जम्मा गरेमा पाँच प्रतिशतले हुन आउने रकम छुट दिइने छ । तर त्यसरी अग्रिम जम्मा नगरेमा आफुले कबोल गरेको कुल रकम बढीमा तीन किस्तामा बुझाउनु पर्नेछ । यसरी किस्ता बुझाउँदा पहिलो किस्ता संझौता गर्नुपूर्व बुझाएको हुनुपर्ने छ भने दोस्रो र तेस्रो किस्ता अघिल्लो किस्ताको म्याद भुक्तान हुनुभन्दा सात दिन अगावै बुझाएको हुनुपर्ने छ ।

९. शर्त नं ८ बमोजिम कुल कबोल अंक अग्रिम दाखिला नगरेमा स्वीकृत बोलपत्रदाताले आफुले कबोल गरेको कुल वार्षिक रकमको सतसठ्ठी प्रतिशतले हुन आउने रकम बराबरको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट मिति २०७८ साल साउन १५ गते सम्मका लागि यस कार्यालयका पक्षमा जारी भएको कार्य सम्पादन जमानीपत्र (पर्फर्मेन्स बोण्ड) संझौता गर्न आउँदा पेश गर्नुपर्नेछ ।

१०. स्वीकृत बोलपत्रदाता लाई संझौताका लागि दिएको म्याद भित्र उपस्थित भई संझौता नगरेमा राखिएको धरौटी जफत हुनेछ ।

११. बोलपत्रदाताले विक्री शुल्क र सडक स्तरोन्नती शुल्क छुट्टाछुट्टै उल्लेख गरेको हुनुपर्ने छ । कबोल अंक मूल्याङ्कन गर्दा उल्लेखित दुबै शुल्क जोडेर गरिने छ ।

१२. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी संझौता अवधि भरका लागि धरौटीकै रुपमा रहने छ ।

१३. ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नुबुझाउनु पर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाता ठेकेदारले बुझाउनु पर्नेछ ।

१४. स्वीकृत दररेट भन्दा बढी शुल्क लगाई असुल गर्न पाइने छैन ।

१५. स्वीकृत बोलपत्रदाता ठेकेदारले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१६. स्वीकृत बोलपत्रदातासँग संझौता भइ कार्यादेश भएपछि मात्र संझौता कार्यान्वयन हुनेछ । कार्यादेश भएकै मितिबाट वार्षिक कुल कबोल अंक कायम हुनेछ ।

१७. तोकिए बमोजिमको शुल्क उठाउने दायित्व स्वीकृत बोलपत्रदाता ठेकेदारको हुनेछ । त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन ।

१८. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाता ठेकेदारको दायित्व हुनेछ ।

१९. बोलपत्र प्रस्तुत कर्ताले प्रस्तुत ठेक्का प्रतिस्पर्धामा सहभागि हुने अयोग्य नभएको स्वयम घोषणा पत्र पेश गरेको हुनुपर्ने छ ।

२०. ठेक्का संझौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गरेको निर्णय मान्य हुनेछ ।

२१. कुनै पनि बोलपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

**ठेक्का सम्बन्धी विवरण**

| क्र. सं. | ठेक्का संकेत नं. | ठेक्काको विषय क्षेत्र | दर | न्युनतम कबोल अंक(मुअक बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | रा१ २०७७।०७८ | आशापुरी रोडा ढुङ्गा सप्लायर्स प्रा.लि. नासिका ८ ( हाल बनेपा १४) बाट उत्पादन हुने ढुङ्गा, गिट्टी, ग्राभेल, रोडो - **संकलन शुल्क** | प्रति घनफिट रु.९।- | रु.१,३५,००,०००। (एक करोड पैतीस लाख) | |
| | | आशापुरी रोडा ढुङ्गा सप्लायर्स प्रा.लि. नासिका ८ ( हाल बनेपा १४) बाट उत्पादन हुने माटो -**संकलन शुल्क** | प्रति घनफिट रु.२।५० | | |
| | | आशापुरी रोडा ढुङ्गा सप्लायर्स प्रा.लि. नासिका ८ ( हाल बनेपा १४) बाट उत्पादन हुन खानीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनमा **सडक स्तरोन्नती शुल्क** | प्रति सवारी साधन रु.३००। | रु. ३०,००,०००। (तीस लाख) | |